**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १२ जून २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारी आज सिलीगुड़ी भ्रमणमा आउनु भएको छ|

- मुख्यमन्त्री शुभेन्दु अधिकारी बंगालमा प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा अन्य राज्य जस्तै केंद्र सरकारको सबै योजनाहरूको प्राप्त हुने बताउनु भएको छ।

- राज्यका पंचातीराज, ग्रामिण विकास, कृषि मार्केटिंग मंत्री श्री दिलिप घोषले दार्जिलिङ हिमालयन रेलवे (DHR) को तीन दिने दोस्रो ग्रीष्मकालीन DHRUMA Film महोत्सव २०२६ को उद्घाटन गर्नु भयो।

- 14 जुनमा हुन गइरहेको डब्ल्यूबीसीएस (कार्यकारी) प्रारंभिक परीक्षालाई ध्यानमा राख्दै, दक्षिण पूर्वी रेलवेको खड़गपुर डिभिजनले परीक्षार्थीहरूको सुविधाको लागि विशेष रेलहरूको व्यवस्था गर्ने निर्णय गरेको छ।

- अलिपुर मौसम विभागले राज्यका धेरै जिल्लाहरूमा आँधीबेहरी र वर्षाको पूर्वानुमान गरेको छ

**मुख्यमन्त्री सिलीगुडी**

राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारी आज सिलीगुडी आइपुग्नु भएको छ। उहाँलाई बागडोगरा विमानस्थलमा दार्जिलिङका सांसद राजु बिष्ट तथा भारतीय जनता पार्टीका कार्यकर्ता र समर्थकहरूले भव्य स्वागत गरेका छन्। बजेट अधिवेशनअघि उत्तर बंगालको भ्रमणमा आउनु भएका मुख्यमन्त्रीले यस क्षेत्रका जनताको आवश्यकता, विकाससम्बन्धी माग तथा विभिन्न मुद्दाबारे जानकारी सङ्कलन गर्ने कार्यक्रम रहेको जनाइएको छ।

**सुवेंदु अधिकारी-सरकार 12 साल**

प्रधानमंत्री नरेंद्र मोदीले पश्चिम बंगालको पुनर्निर्माणको संकल्प लिनुभएको छ। केंद्र सरकारको 12औं वर्षगांठको अवसरमा आज कोलकातामा आयोजित एक प्रेस कन्फ्रेंसमा पश्चिम बंगालका मुख्यमन्त्री सुवेंदु अधिकारीले यसको जानकारी गराउनुभएको हो|श्री सुवेंदु अधिकारीले भन्नुभयो-राज्यमा अब डबल-इंजन सरकार स्थापित भएको छ,जसले यो सुनिश्चित हुनेछ प्रधानमंत्रीको नेतृत्वमा पश्चिम बंगाललाई पनि अन्य राज्य जस्तै केंद्र सरकारको सबै योजनाहरूको मिल्नेछ।उहाँले यस विषयमा जोड दिनुभयो-प्रधानमंत्रीले नयाँ मानक स्थापित गर्नको लागि पछिल्लो सबै रिकर्ड तोडनुभएको छ र भारतको पुनर्निर्माणमा अग्रणी भूमिका निभाउनुभएको छ।उहाँले देशको प्रधानमंत्री भन्दा पनि देशको प्रधान जनसेवकको रूपमा अथक परिश्रम गर्नुहुँदैछ। 12 वर्षको सरकाराको कल्याणकारी योजनाहरूको उपलब्धिहरूलाई गन्ती गर्नुहुँदै, उहाँले भन्नुभयो- यस कार्यकालको मुख्य आधार जनसेवा, सशक्तिकरण, राष्ट्र-निर्माण र आफ्नो विरासतलाई सझाउँदै देशलाई अघि बढ़ाउनु रहेकोछ ।उहाँले भन्नुभयो-प्रधानमंत्रीले पंडित दीनदयाल उपाध्यायको 'एकात्म मानववादको दर्शनलाई सफलतापूर्वक लागू गर्नुभएको छ। विशेष रूपमा स्वच्छ भारत अभियान, आवास योजना र जल जीवन मिशन जस्ता प्रमुख पहलहरूको उल्लेख गर्नुभयो।मुख्यमन्त्री अधिकारीले भन्नुभयो-पीएम मोदीको नेतृत्वमा भारत विश्वको नेतृत्व गर्न र विश्वगुरु बन्ने दिशामा कैयौं कदम अघि बढेको छ ।राम मंदिर निर्माण जस्ता महत्वपूर्ण कार्यको माध्यमबाट विकास र विरासत बीच संतुलन बनाएको छ।उहाँले भन्नुभयो-सेवा र सुशासनको 12 वर्षले प्रत्येक नागरिकको

जीवनलाई परिवर्तन गरेको छ र विश्वास दिलाएको छ - देशवासी 2047 सम्म "विकसित भारत" को निर्माणको दिशाना काम गर्नेछ।

**शुभेन्दु अधिकारी- जमीन नीति**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यमा औद्योगिक विकास, रोजगार सिर्जना तथा आर्थिक पुनरुत्थानलाई सरकारको उच्च प्राथमिकतामा राखिएको बताउँदै नन्दीग्रामजस्ता घटना अथवा जबर्जस्ती जमीन अधिग्रहणबिना पनि उद्योग स्थापना गर्न सकिने बताउनु भयो। न्यु टाउनस्थित विश्व बाङ्ला कन्भेन्सन सेन्टरमा आयोजित पत्रकार सम्मेलनमा जमीन नीतिबारे बोल्नु हुँदै उहाँले उद्योग, सीमा सुरक्षा बल अथवा पूर्वाधार परियोजनाका लागि कुनै पनि अवस्थामा जबर्जस्ती जमीन अधिग्रहण नगरिने बताउनु भयो। उचित मूल्य पाए जनताले स्वेच्छाले जग्गा उपलब्ध गराउने उहाँले बताउ भयो। यसै सन्दर्भमा मुख्यमन्त्री अधिकारीले भारत–बङ्गलादेश सीमावर्ती क्षेत्रमा तारबार (फेन्सिङ) निर्माण कार्य सुरु भएको जानकारी दिनु भयो। उहाँले सीमावर्ती क्षेत्रका बासिन्दाले फेन्सिङका लागि स्वेच्छाले आफ्नो जग्गा उपलब्ध गराइरहेको बताउनु भयो। श्री अधिकारि अनुसार पश्चिम बंगाल सरकारले उचित मूल्य तिरेर सर्वसाधारणबाट जग्गा खरिद गरी सीमा सुरक्षा बल (बीएसएफ) लाई हस्तान्तरण गरिरहेको छ। मुख्यमन्त्रीले घुसपैठ रोक्न तथा सीमा सुरक्षालाई सुदृढ बनाउन सीमामा फेन्सिङ निर्माण महत्त्वपूर्ण रहेको पनि बताउनु भयो।

**ध्रुमा फिल्म फेस्टिभल- DHR**

पश्चिम बंगाल राज्यका पंचातीराज, ग्रामिण विकास, कृषि मार्केटिंग मंत्री श्री दिलिप घोषले दार्जिलिङ हिमालयन रेलवे (DHR) को तीन दिने दोस्रो ग्रीष्मकालीन DHRUMA Film महोत्सव २०२६ को उद्घाटन गर्नु भयो। यस अवसरमा बोल्दै दार्जिलिंग हिमालयन रेलवे पश्चिम बंगाल राज्य, दार्जिलिंग पहाड़ अनि देशलाई विश्वमा परिचित गराएको छ। राज्यमा बढी संख्यामा देश विदेशका पर्यटकहरूलाई आकर्षित गर्नुमा यसको ठूलो र महत्वपूर्णको भूमिका रहेको श्री घोषले बताउनु भयो। हो। उहाँले भन्नु भयो DHR को यस ध्रुम फिल्म महोत्सवले देश विदेशका पर्यटकहरूलाई ठूलो मात्रामा अकर्षित गर्नुमा बल प्रदान गर्ने छ, जसले राज्यको अर्थतंत्र, अनि पहाड़ तथा तराई डुवर्सका मानिसहरूको रोजगार अनि आजीविकालाई बलियो आधार प्रदान गर्ने छ।उहाँले भन्नु भयो

.........बाइट दिलिप घोष.....

यस फिल्म महोत्सवमा लघु फिल्महरूको मंचन गरिन्दै छ जसमा दार्जिलिंग पहाड़ तथा तराई डुवर्सका सुन्दर, मनोरम दृश्यहरूलाई झल्काइएको छ। यो फिल्म महोत्सवमा भोली खरसांगमा आयोजित गरिने छ। टयट्रेन तथा एक खैफेमा मंचन गरिने छ। तथा 14 जूनको दिन उत्तरबंग विश्विद्यालय परिसरमा यसको समापन हुने छ। यसले उत्तरबंगालमा फिल्म उद्योगलाई पनि टेवा दिने छ। विश्व धरोहर दार्जिलिंग टयट्रेन अहिले रेकर्ड संख्यामा पर्यटकहरूलाई आकर्षित गरि रहेको छ साथै आय पनि रेकर्ड मात्रामा अर्जित गरि रहेको छ।

**राजु विष्ट**

दार्जीलिङका लोकसभा सांसदले ७७० किलोमीटर लामो राजमार्गको निमार्ण गर्नेछ जसले दार्जीलिङ अनि गंगासागर लाई जोड़नेछ। उहाँले दार्जीलिङ र उत्तर बंगालको विकास बारे भन्नुभयो :-

बाईट

**ममता बनर्जी प्राथमिकी**

पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले चुनावी अभियानको क्रममा दिएको विवादास्पद बयानलाई लिएर कोलकाताको हेयर स्ट्रिट पुलिस थानामा प्राथमिकी दर्ता गरिएको छ। लिखित उजुरीको आधारमा पुलिसले भारतीय न्याय संहिता (बीएनएस) को विभिन्न धाराहरू अन्तर्गत मुद्दा दर्ता गरेको छ।

**अभिषेक बनर्जी बयान**

पश्चिम बंगाल अपराध जांच विभाग (सीआईडी) ले तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव तथा डायमंड हार्बर लोकसभा सांसद अभिषेक बनर्जीले विधानसभा चुनाव अभियानको क्रममा गरेको भड्काउने टिप्पणीसँग सम्बन्धित मुद्दाको जाँच आफ्नो जिम्मा लिएको छ। यस सम्बन्धमा औपचारिक आदेश जारी गरिएको छ। वरिष्ठ पुलिस अधिकारीहरू अनुसार, यस मुद्दाको जाँच पहिला विधाननगर पुलिस थानाको साइबर अपराध विभागले गरिरहेको थियो। अहिलेसम्म जाँचको क्रममा सङ्कलन गरिएका सबै कागजात, डिजिटल प्रमाण र केस डायरी विस्तृत जाँचलाई सहज बनाउन सीआईडीलाई हस्तान्तरण गरिएको छ।

**अभिषेक बनर्जी सीआईडी**

विधान सभासँग सम्बन्धित हस्ताक्षर जालसाजी मुद्दाको सम्बन्धमा हिजो सीआईडीले तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जीलाई लगभग साढे पाँच घण्टा सोधपुछ गरेको थियो। अभिषेक साँझ ५ बजेर ५० मिनेट तिर भवानी भवनस्थित सीआईडी मुख्यालयमा पुगेका थिए र राति ११ बजेर ३० मिनेटमा त्यहाँबाट निस्किए। सोधपुछपछि उनी सिधै कालीघाटस्थित मुख्यमन्त्री ममता बनर्जीको निवास गएका थिए। सीआईडीले उहाँलाई १४ जुनमा फेरि उपस्थित हुन निर्देशन दिएको छ।

**डब्ल्यूबीसीएस विशेष रेल**

14 जुनमा हुन गइरहेको डब्ल्यूबीसीएस (कार्यकारी) प्रारंभिक परीक्षा-2024 लाई ध्यानमा राख्दै, दक्षिण पूर्वी रेलवेको खड़गपुर डिभिजनले परीक्षार्थी र सामान्य यात्रीहरूको सुविधाको लागि विशेष रेलहरूको व्यवस्था गर्ने निर्णय गरेको छ। यस पहलको एक भागको रूपमा, धेरै ईएमयू और एमईएमयू लोकल लोकल ट्रेनहरू - जुन सामान्यतया आइतबार रद्द रहन्छन् - सञ्चालन गरिनेछ। रेलवेद्वारा जारी प्रेस विज्ञप्ति अनुसार, धेरै संख्यामा परीक्षार्थीहरूलाई विभिन्न परीक्षा केन्द्रहरूमा सहज संग पुग्नको लागि यो विशेष व्यवस्था गरिएको हो। 14 जुनमा धेरै स्थानीय रेलहरू तिनीहरूको निर्धारित समय अनुसार चल्नेछन्, जसले यात्रीहरूलाई सुविधा प्रदान गर्नेछ।

**गहुँ तस्करी**

पश्चिम बंगालको उत्तर 24 परगना जिल्लाको मध्यमग्रामस्थित एफसीआई गोदामबाट ठूलो परिमाणमा गहुँ तस्करी गर्ने प्रयास भएको आरोप सार्वजनिक भएको छ। राज्यका खाद्यमन्त्री अशोक कीर्तनीयले आज घटनास्थल पुगेर निरीक्षण गर्नुका साथै विस्तृत छानबिनको निर्देशन दिनु भयो। प्राथमिक जानकारी अनुसार गोदाममा अभिलेख अनुसार 100 क्विन्टल मात्र गहुँ बाँकी रहनुपर्ने भए पनि निरीक्षण अघि बिहीबार राति लगभग 960 क्विन्टल गहुँ 9 वटा ट्रकमार्फत बाहिर पठाउने प्रयास भएको आरोप छ।

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) ले आफ्नो संगठनात्मक विस्तारलाई निरन्तरता दिँदै वरिष्ठ अधिवक्ता तथा पूर्व विधायक प्रणय राईलाई पार्टीमा स्वागत गरेको छ। गोरामुमो केन्द्रीय कार्यालय, दार्जीलिङमा आयोजित समर्थन कार्यक्रमबीच पार्टी अध्यक्ष मन घिसिङको प्रमुख उपस्थितिमा प्रणय राई औपचारिक रूपमा गोरामुमोमा सामेल भएका हुन्।पार्टीका मिडिया सेल प्रभारी दिनेश साम्पाङका अनुसार प्रणय राईको नेतृत्वमा विभिन्न राजनीतिक दल परित्याग गरी लगभग १०० घरपरिवार गोरामुमोमा आबद्ध भएका छन्। यसका साथै तृणमूल कांग्रेस दार्जीलिङ जनरल सहसचिव देवेन्द्र घतानी तथा उनका समर्थकहरू समेत गोरामुमोमा प्रवेश गरेका छन्।यस अवसरमा गोरामुमोका संस्थापक अध्यक्ष सुवास घिसिङको तस्बिरमा दीप प्रज्वलन गरेपछि प्रणय राईले आफू कुनै पद वा लाभको अपेक्षाले नभई आफ्नो “मूल घर” फर्किएको बताए।

**बिमल गुरुङ**

गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष बिमल गुरुङले आज ऋषिहाट ब्लुमफिल्ड समष्टिको भ्रमण गर्नु भएको छ | यस अवधि उहाँले विगत २०१२ साल देखि नै गंगामाया पार्कलाई गोर्खा जनमुक्ति मोर्चाले स्याहार सुसार गर्दै आएको अनि यो पर्यटकीय गन्तव्य भएको कारण यहाँका मानिसहरूको निम्ति रोजगारीका अवसर पनि रहेको थियो भनी बताउनु भयो । यहाँको रेभेन्यु सिधै जी टी ए पर्यटन विभागमा जाने भएकोले यहाँको हेरचाह अहिले जी टी ए पर्यटन विभागले हेर्नु पर्थ्यो भने तर अहिले यसको अवस्था धेरै चिन्ताजनक रहेको बताउँदै आगामी दिनमा गोर्खा जनमुक्ति मोर्चाले सम्बन्धित विभागमार्फत यसमाथि निगरानी अनि कार्यन्वयन गरिने उहाँले बताउनु भयो।

## सोनादा कलेज

सोनादा डिग्री कलेजको सांस्कृतिक समितिको आयोजनामा छैटौं सत्रका विद्यार्थीहरूको सम्मानमा स्नातक दिवस एवम् विदाई समारोह प्राचार्य डा योगेश खातीको अधयक्षतामा भव्य रूपमा सम्पन्न भयो। कलेजको प्रेक्षागृहमा आयोजित कार्यक्रममा विद्यार्थी, शिक्षण- अशिक्षणकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै कलेजका प्राचार्य डा. योगेश खातीले स्नातक तह पूरा गरी जीवनको नयाँ यात्रातर्फ अग्रसर भइरहेका विद्यार्थीहरूलाई शुभकामना व्यक्त गर्दै शिक्षा, अनुशासन र नैतिक मूल्यलाई जीवनभर आत्मसात् गर्न आग्रह गर्नुभयो।

## गोर्खा युथ ब्रिज

गोर्खा युथ ब्रिज कालेबुङका संयोजक रुना प्रधानले आज एक भिडियो जारी गरेर पहाड, तराई र डुवर्सका युवाहरू एकत्रित भई गोर्खा युथ ब्रिज नामक एक नयाँ अराजनीतिक संगठनको स्थापना गरेको जानकारी दिएका छन्। उनले हाम्रा नेतृत्वहरूले अलग राज्य गोर्खाल्याण्डको मूल मुद्दाबाट बारम्बार विचलित भई विभिन्न व्यवस्थागत समाधानतर्फ अग्रसर भइरहेको अवस्थामा, अब हामी युवा वर्ग स्वयं मैदानमा उत्रेर लोकतान्त्रिक तथा संवैधानिक ढङ्गले अलग राज्य गोर्खाल्याण्डको मागलाई पुनः सशक्त रूपमा उठाउनुपर्छ भन्ने स्पष्ट अडानका साथ अघि बढेका छौ भनी बताए। उनले थप भने -"हाम्रो पहिलो मैदानी कार्यक्रमअन्तर्गत, जी टी ए सभाले पुनः गोर्खाल्याण्डको प्रस्तावलाई अगाडि बढाउँदै केन्द्र र राज्यका सत्तारूढ दलहरूमाथि आवश्यक राजनीतिक दबाब सिर्जना गर्न पहल गरोस् भन्ने मागसहित ज्ञापनपत्र बुझाउने निर्णय गरेका छौं।

## मौसम

अलिपुर मौसम विभागले आज दक्षिण बंगालका धेरै जिल्लाहरूमा आँधीबेहरी र वर्षाको पूर्वानुमान गरेको छ। कोलकाता सहित दक्षिण बंगालका विभिन्न भागहरूमा मेघगर्जनसहित वर्षा हुने सम्भावना छ, जसमध्ये सात जिल्लाका लागि विशेष चेतावनी जारी गरिएको छ।

**********